# <u>शान्ति तथा पुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>**: जनयुद्ध,जनआन्दोलन र प्रदेश प्राप्तिकोआन्दोलनका क्रममा मृत्यु भएकार बेपत्ता पारिएका व्यक्तिका परिवार तथा घाइते, अपाङ्गता र अशक्त भएका व्यक्तिलाई हेरचाह,पुनर्स्थापना र सीपमूलक तालिम प्रदान गरी सहज जीवनयापन गर्न सक्षम तुल्याईदिगो शान्ति स्थापनार्थकानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्तनामर प्रारम्भ</u>** :(१) यो ऐनको नाम “शान्ति तथा पुनर्स्थापना केन्द्र सञ्चालन ऐन, २०७७” रहेको छ।

(२) योऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"केन्द्र"** भन्नाले दफा ३ बमोजिम गठन भएको शान्ति तथा पुनर्स्थापना केन्द्रसम्झनु पर्छ।

(ख) **"केन्द्र प्रमुख"** भन्नाले दफा ८ बमोजिम नियुक्तकेन्द्र प्रमुखसम्झनु पर्छ।

(ग) **"कोष"** भन्नाले दफा १५ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) **"घाइते, अपाङ्गता, अशक्त"** भन्नाले साविकको शान्ति तथा पुनर्निर्माण मन्त्रालय,गृह मन्त्रालय र यस मन्त्रालयले तयार पारेको घाइते,अपाङ्गता र अशक्तको सुचिमा नाम समावेश भएका व्यक्तिलाई सम्झनु पर्छ।

(ङ) **"जनआन्दोलन"** भन्नालेवि.सं.२०६२/६३ सालमा भएको आन्दोलनलाई सम्झनु पर्छ।

(च) **"जनयुद्ध"**भन्नाले वि.स. २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

(छ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) **"परिचय पत्र"** भन्नाले केन्द्रले वितरण गरेको परिचय पत्र सम्झनु पर्छ।

(झ) **"प्रदेश"** भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ञ) **"मन्त्रालय"** भन्नालेआन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

**(ट)** **"मन्त्री"** भन्नालेआन्तरिक मामिला तथा कानून मन्त्रालयकोमन्त्रीसम्झनु पर्छ।

## परिच्छेद-२

## केन्द्रको स्थापना सम्बन्धी व्यवस्था

३. **केन्द्रको स्थापना**: (१)जनयुद्ध,जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिका आश्रीत परिवारतथा घाइते, अपाङ्गता र अशक्त भएकालाईहेरचाह,पुनर्स्थापना र सीपमूलक तालिम प्रदान गरी जीवनयापनमा सक्षम तुल्याई दिगो शान्ति स्थापनार्थ केन्द्रको स्थापना गरिने छ।

(२) केन्द्रको कार्यक्षेत्र प्रदेशभर हुनेछ।

(३) केन्द्रको कार्यालय प्रदेश राजधानी वीरेन्द्रनगरमा रहनेछ।

४. **केन्द्र स्वशासित संस्था हुने**: (१) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) केन्द्रको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजुर गर्न र केन्द्र उपर पनि सोही नामबाट नालिस,उजुर लाग्न सक्नेछ।

५. **केन्द्रको काम, कर्तव्य र अधिकार**: (१) केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशमा स्थायी ठेगाना भएका घाइते, अपाङ्गता र अशक्तको तथ्याङ्क संकलन तथा छुटेकाको प्रमाणित गरी लगत राख्ने,

(ख) प्रदेशमा स्थायी ठेगाना भएका घाइते, अपाङ्गता र अशक्तको भरणपोषणको व्यवस्था गर्ने,

(ग) जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिका आन्दोलनमा मृत्यु भएका र वेपत्ता भएका परिवारका आश्रित सदस्यलाई सम्मान, जिविकोपार्जन र छात्रवृद्धिको व्यवस्था गर्ने,

(घ) घाइते,अपाङ्गता र अशक्तको शारीरिक, मानसिक र सामाजिक क्षतिको आधारमा स्वास्थ्य बिमाको व्यवस्था गर्ने,

(ङ) घाइते,अपाङ्गता र अशक्तको सन्ततिलाई शैक्षिक छात्रवृतिको व्यवस्था गर्ने,

(च) घाइते, अपाङ्गता र अशक्तको जीविकोपार्जनका लागिरोजगारमूलक तालिम तथा आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने,

(छ) घाइते, अपाङ्गता र अशक्तलाई उद्यम व्यवसाय संचालन गर्नका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ज) घाइते, अपाङ्गता र अशक्तको लागि मनोविमर्श कक्षा संचालन गर्ने,

(झ) घाइते, अपाङ्गता र अशक्तलाई परिचयपत्रको व्यवस्था मिलाउने,

(ञ) घाइते, अपाङ्गता र अशक्तको समग्र पक्षको विश्लेषण गरी उपचारको व्यवस्थापन गर्ने,

(ट) शसस्त्र द्वन्द्वले पारेको प्रभावको अध्ययन अनुसन्धान र विश्लेषण गरी द्वन्द्वत्तोर शान्ति स्थापनार्थ कार्यक्रम सञ्चालन गर्ने,

(ठ) जनयुद्ध,जनआन्दोलन, प्रदेश प्राप्ति लगायतका आन्दोलनका ऐतिहासिक दस्तावेज तथा द्वन्द्वसँग सम्बन्धित सामग्री संकलन गरीसङ्ग्रहालय स्थापना तथा शान्तिपार्क निर्माण गर्ने,

(ड) कल्याणकारी कोष स्थापना गरीसंस्थागत कार्य गर्ने,

(ढ) जीवनयापनलाई सक्षम तुल्याउन सीपमूलक तालिम प्रदान गर्ने,

(ण) दिगोशान्ति स्थापनाको लागि अध्ययन तथा अनुसन्धानमूलक सामग्री प्रकाशन गर्ने,

(त) केन्द्रको कार्यक्रम सञ्चालन र विकासको लागि नेपाल सरकार, प्रदेश सरकार,दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट आवश्यक स्रोत साधन जुटाउने,

(थ) घाइते,अपाङ्गता र अशक्तको जीवन निर्वाहमा देखिएका समस्यालाई समाधानको लागि आवश्यकता अनुसार सेमिनार,गोष्ठी, सम्मेलन,कार्यशाला सञ्चालन गर्ने,

(द) जीवन उपयोगी सीपमूलक तालिम प्रदान गर्नराष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षण संस्थासँगसमन्वय गरी प्रशिक्षण कार्यक्रमलाई स्तरीय र प्रभावकारी बनाउन सहकार्य गर्ने.

(ध) द्वन्द्वोत्तर दिगो शान्तिको लागि वैदेशिक संस्था तथा प्रशिक्षण संस्थाको अवलोकन भ्रमण तथा वैदेशिक तालिम गोष्ठी,कार्यशाला आदि विविध कार्यक्रमको व्यवस्था मिलाउने,

(न) पुनर्स्थापनाको क्षेत्रमा क्रियाशिल सरकारी, सहकारी तथा गैरसरकारीसंघ सस्थासंग साझेदारीगर्ने,

(प) सामाजिक सेवाका कार्य गर्ने,

(फ) केन्द्रको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने।

(२) उपदफा (१) बमोजिमका काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार समितिले केन्द्र प्रमुखलाई प्रत्यायोजन गरी कार्य सम्पादन गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमका काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार प्रदेश सरकारले हेरफेर गर्न सक्नेछ।

## परिच्छेद-३

## केन्द्र सञ्चालक समिति सम्बन्धी व्यवस्था

६. **सञ्चालक समिति**:केन्द्रको संचालक समिति गठन देहायबमोजिमको हुनेछः-

(क) मन्त्री - अध्यक्ष

(ख) सदस्य, प्रदेश योजना आयोग, -सदस्य

(ग) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय, -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) सचिव,मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सचिव

(छ) जनयुद्ध, जनआन्दोलनर प्रदेश प्राप्तिको आन्दोलनका क्रममा मृत्यु भएका र वेपत्ता पारिएका व्यक्तिका आश्रित सदस्य वा घाईते अपाङ्गता भएका व्यक्ति मध्येबाट प्रदेश सरकारले मनोनित गरेका एकजना महिला सहित तीनजना - सदस्य

(ज) केन्द्र प्रमुख - सदस्यसचिव

(२)उपदफा (१) को खण्ड (च) बमोजिम नियुक्त सदस्यको पदावधी नियुक्ति मितिले चार वर्षको हुनेछ।

७. **सदस्यता कायम नरहने**:(१)समितिका मनोनीत सदस्य देहायको अवस्थामा आफ्नो पदमा बहाल रहने छैनन् :–

(क) पदावधी समाप्त भएमा,

(ख) अध्यक्ष समक्ष राजीनामा दिएमा,

(ग) मृत्यु भएमा,

(२)उपदफा (१) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा बाँकी अवधिको निमित्त अर्को सदस्य मनोनय गर्नु पर्नेछ।

८. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**:सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क)केन्द्रकोनीति, योजना र कार्यक्रम स्वीकृत गर्ने,

(ख) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) केन्द्रबाट भएको कामको समीक्षा गर्ने,

(घ) केन्द्रकाकामलाई व्यवस्थित र प्रभावकारी बनाउननिर्देशन दिने,

(ङ) कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आवश्यक नियम बनाउने,

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

९. **<u>सञ्चालकसमितिको बैठक</u>**:सञ्चालक समितिको बैठक देहायबमोजिम हुनेछ:

(क) समितिकोबैठकआवश्यकताअनुसारअध्यक्षलेतोकेकोमिति, समयरस्थानमाबस्नेछ।

(ख) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(ग) समितिले आवश्यकता अनुसार प्रदेश सरकारका कुनै पनि पदाधिकारी,निकाय वा संघ, संस्थाका प्रतिनिधि वा विज्ञलई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## <u>परिच्छेद-४</u>

## <u>केन्द्र प्रमुख र कर्मचारी सम्बन्धी व्यवस्था</u>

१०. <u>केन्द्र प्रमुख</u>:(१)केन्द्रको प्रशासकीय प्रमुखको रुपमा दैनिक प्रशासन सञ्चालन गर्नको लागिदेहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई मन्त्रालयको सिफारिसमा केन्द्र प्रमुखनियुक्त गर्नेछ:-

(क) नेपाली नागरिक,

(ख) जनयुद्ध,जनआन्दोलन वा प्रदेश प्राप्तिको आन्दोलनको क्रममा मृत्यू भएका र वेपत्ता पारिएका व्यक्तिका आश्रीत सदस्य, घाइते वाअपाङ्गतावा अशक्त भएको व्यक्ति,

(ग) तीस वर्ष उमेर पूरा भएको,

(घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको,

(च) अन्य प्रचलित कानूनले अयोग्य नठहरिएको।

(२)केन्द्र प्रमुखको पदावधि चार वर्षको हुनेछ।

(३)केन्द्र प्रमुखको पारिश्रमिक,सेवा सुविधा र शर्तप्रदेश निजामती सेवा दशौं तहको कर्मचारी सरह हुनेछ।

११. <u>पदमुक्त हुने अवस्था</u>ः देहायको अवस्थामा केन्द्रको केन्द्र प्रमुखपदमुक्त भएको मानिनेछ :-

(क) पदावधिसमाप्तभएमा,

(ख) राजीनामादिएमा,

(ग) मानसिकसन्तुलनठीकनभएमा,

(घ) नैतिकपतनदेखिनेफौजदारीअभियोगमाअदालतबाटसजायपाएमा,

१२. <u>पदबाट हटाउन सक्ने</u>ःदेहायको अवस्थामा केन्द्र प्रमुखलाई समितिको सिफारिसमा प्रदेश सरकारलेपदावधि समाप्त नहुँदै पदबाट हटाउन सक्नेछ।

(क) आफ्नो पदीय जिम्मेवारी इमानदारीपूर्वक पुरा नगरेमा,

(ख)कार्य सन्तोषजनक नदेखिएमा,

(ग) खराब आचरणभएमा,

तर पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन्।

१३. <u>प्रमुखको काम, कर्तव्य र अधिकार</u>ःकेन्द्रको प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) केन्द्रका आर्थिक तथा प्रशासनिक कार्य सम्पादन गर्ने,

(ख) समितिबाट भएका निर्णय वा निर्देशनको कार्यान्वयन गर्न गराउने,

(ग) केन्द्रको दीर्घकालिन योजना,वार्षिक कार्यक्रम तथा बजेट निर्माण गरी समितिमा पेश गर्ने,

(घ) केन्द्रको प्रगति विवरण र वार्षिक प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(ङ) समितिले तोकेका अन्य काम गर्ने।

१४. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>ः(१)केन्द्रलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

## <u>परिच्छेद-५</u>

## <u>केन्द्रकोकोषतथालेखापरीक्षणव्यवस्था</u>

१५. <u>केन्द्रको कोष</u>ः(१)केन्द्रको नाममा एउटा छुट्टै कोष रहने छ।

(२) उपदफा (१) को कोषमा देहायबमोजिमका स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ, संस्था वा निकायबाट प्राप्त रकम,

(घ) दातृ निकाय वा अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाटप्राप्तरकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय संघ सस्थाबाट रकम प्राप्त गर्नु अघि आन्तरिक मामिला तथा कानून मन्त्रालयको सिफारिसमा मुख्यमन्त्रीतथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकारबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१)बमोजिमको कोषमा जम्मा हुने रकम"क" वर्गकोवाणिज्यबैंकमा जम्मा गर्नुपर्नेछ।

(५) केन्द्रको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

(६) केन्द्रको कोषको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

१६. <u>लेखा तथा लेखापरीक्षण</u>:(१)केन्द्रको आय-व्ययको लेखाप्रचलित कानून बमोजिमराखिनेछ।

(२) केन्द्रको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रण कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यलयबाट गरिनेछ।

## परिच्छेद-६

## <u>विविध</u>

१७. <u>निर्देशन दिन सक्ने</u>:प्रदेश सरकारले यो ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक देखेका नीतिगत कुराका सम्बन्धमा केन्द्रलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु केन्द्रको कर्तव्य हुनेछ।

१८. **<u>वार्षिकप्रतिवेदन</u>:**केन्द्रले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

१९. <u>प्रदेश सरकारसँग सम्पर्क</u>:केन्द्रले प्रदेश सरकारसंग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२०. <u>**नियम बनाउने अधिकार**</u>: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न केन्द्रले आवश्यक नियम बनाउन सक्नेछ।